नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
स्वास्थ्य सेवा विभाग
............................ महाशाखा

☎ ०१-४३६१७१२
०१-४३६१७६३
इमेल: mdd@dohs.gov.np

पचली, टेकु
काठमाडौं, नेपाल ।

नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं

प.सं.:
च.नं.:

मिति: ..................................

विषय:-

# प्रेस वक्तव्य

## गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल, राजविराजमा प्रसूति सेवासम्बन्धी घटनाबारे

गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल, राजविराजमा प्रसूति सेवाका लागि पुगेकी एक आमाले अस्पताल परिसर बाहिर नवजात शिशुलाई जन्म दिनुपरेको विषय सार्वजनिक भएकोप्रति स्वास्थ्य सेवा विभागको गम्भीर ध्यानाकर्षण भएको छ ।

प्रसूति अवस्थामा रहेकी आमा र नवजात शिशुको स्वास्थ्य तथा सुरक्षा संविधानत: राज्यको सर्वोच्च प्राथमिकतामध्ये एक हो । कुनै पनि नागरिकले आर्थिक अवस्था, पहुँच वा अन्य कुनै कारणले आकस्मिक तथा अत्यावश्यक स्वास्थ्य सेवाबाट वञ्चित हुनुपर्ने अवस्था आउनु हुँदैन । यस घटनालाई विभागले अत्यन्त संवेदनशील रूपमा लिई तत्काल आमा र बच्चाको स्वास्थ्य तथा आवश्यक उपचारमा कुनै कमी हुन नदिन मन्त्रालयबाट सम्बन्धित निकायलाई स्पष्ट निर्देशन दिनुका साथै विज्ञसहितको छानविन टोली गठन गरी सम्बन्धित अस्पतालमा खटाईसकिएको छ । उक्त टोलीले घटनाको वास्तविक अवस्था, आमाको तथा नवजात शिशुको स्वास्थ्य अवस्था, अस्पतालमा भएको सेवा प्रवाह, स्वास्थ्यकर्मीबाट भएको कार्यसम्पादन तथा उपलब्ध अभिलेख लगायत विषयमा स्थलगत रूपमा जानकारी लिनुका साथै आमा तथा नवजात शिशुको स्वास्थ्य अवस्था र आवश्यक उपचार तथा सहयोगको समेत समन्वय गर्नेछ ।

घटनाको तथ्यपरक अध्ययनबाट देखिएका कमजोरीलाई तत्काल सम्बोधन गर्दै अस्पतालमा प्रसूति तथा आकस्मिक स्वास्थ्य सेवा प्रभावकारी, सहज र मानवीय ढंगले उपलब्ध हुने व्यवस्था सुनिश्चित गर्न आवश्यक कदम चालिनेछ ।छानबिनबाट कुनै व्यक्ति वा संस्थाको कमजोरी वा लापरबाही देखिएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गरिनेछ। यस घटनाबाट उत्पन्न चिन्ता र संवेदनशीलतालाई विभागले गम्भीरतापूर्वक लिएको छ । सम्बन्धित आमा, नवजात शिशु तथा परिवारप्रति यस विभागको पूर्ण सहयोग रहनेछ ।हाल आमा र बच्चा दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ। थप जुनसुकै किसिमको उपचार आवश्यक परेमा सरकारको तर्फबाट पूर्ण सहयोग हुनेछ।

सरकारले आमा सुरक्षा कार्यक्रममार्फत सुरक्षित मातृत्व, संस्थागत प्रसूति तथा आमा र नवजात शिशुको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राख्दै आएको छ। यस कार्यक्रमअन्तर्गत सरकारी स्वास्थ्य संस्थामा प्रसूति सेवा निःशुल्क उपलब्ध गराउनुका साथै प्रसूति सेवाका लागि आउने–जाने यातायात खर्चसमेत सरकारले उपलब्ध गराउँदै आएको छ।आमा सुरक्षा कार्यक्रमअन्तर्गत उपलब्ध सेवाबारे जनचेतना फैलाउन, हरेक गर्भवती महिलालाई समयमै स्वास्थ्य संस्थामा पुऱ्याउन र कुनै पनि आमाले स्वास्थ्य सेवाबाट वञ्चित हुन नपरोस् भन्ने अभियानलाई जनस्तरसम्म पुऱ्याउन सबैको साथ र सहयोग आवश्यक छ।आमा सुरक्षा कार्यक्रम लागु भएका सबै सरकारी अस्पतालहरूलाई आमा र बच्चाको स्वास्थ्यप्रति पूर्ण संवेदनशील भई समयमै गुणस्तरीय र सम्मानजनक सेवाको सुनिश्चितता गर्नु हुन र सोबमोजिम नभएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुने बेहोरा समेत जानकारी गराइन्छ।

धन्यवाद

डा. [illegible]
२०८२।२।२४

निमित्त महानिर्देशक